**सर्वप्रथम,**

**निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको ५१ औं वार्षिक साधारण सभाका अवसरमा सवैमा न्यानो अभिवादन गर्दछु । आज चैत्र २८ गते उद्योग वाणिज्य दिवसको यस अवसरमा सम्पूर्ण उद्यमी व्यवसायीहरुमा हार्दिक मंगलमय शुभकामनाका साथै सम्पूर्ण उद्यमी व्यवसायीहरुको व्यवसायिक सफलताको कामना गर्दछु ।**

हाम्रो निमन्त्रणालाई स्वीकार गरी समुद्घाटन समारोहमा पाल्नु भएका आजका हाम्रा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूमा नेपालको सम्पूर्ण निजी क्षेत्रको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिबाट हामी उद्यमी व्यवसायीहरु अत्यन्त उत्साहित भएका छौं ।

समुद्घाटन समारोहमा पाल्नु भएका माननीय मन्त्रीज्यूहरु, सांसदज्यूहरु, विशिष्ट अतिथिज्यूहरु, महामहिमज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, राजनीतिक दलका नेताज्यूहरु, नेपालको विकास साझेदार

संस्थाका प्रमुखज्यूहरु, उच्चपदस्थ सरकारी अधिकृतज्यूहरु, ट्रेड यूनियनका नेताज्यूहरु, उद्योग व्यवसाय क्षेत्रका अग्रजहरु, प्रमुख अर्थविदहरु, महासंघका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, विशिष्ट सदस्यज्यूहरु, वर्तमान तथा पूर्व पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका साथीहरु, अन्य विशिष्ट व्यक्तिहरु, संचारकर्मीहरु, सम्पूर्ण अतिथिगण तथा प्रतिनिधिसाथीहरु सबैमा हार्दिक स्वागत अभिवादन टक्र्याउँछु।

देशैभरबाट यस सभामा भागलिन आउनु भएका जिल्ला/नगर उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु, प्रतिनिधि साथीहरु र एशोसिएट्स सदस्य कम्पनीको प्रतिनिधित्व गर्ने कम्पनी प्रमुख एवं प्रतिनिधिहरुमा महासंघको तर्फबाट हार्दिक स्वागत गर्दछु।

नेपाल बैंक लिमिटेडले आजभन्दा ५० वर्ष अघि दिएको एक कोठाबाट शुरु भएको नेपाल उद्योग वाणिज्य महासंघको संगठित प्रयासको परिणाम आज पचहत्तरै जिल्लामा १०५ वटा सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघहरु, विभिन्न महत्वपूर्ण क्षेत्रहरुलाई प्रतिनिधित्व गर्ने ९९ वटा वस्तुगत संघहरु, २० वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु र ८६३ वटा कम्पनी उद्योग

प्रतिष्ठानहरुको बलियो संजाल देशैभरि फैलिएको छ । बलियो संजालकै कारण महासंघ आज नेपाल सरकार पछिको दोस्रो ठूलो कार्य संजाल भएको निजी क्षेत्रको एक सशक्त संस्थाको रुपमा स्थापित भएको छ ।

पांच दशकको यस स्वर्ण अवधिलाई हामीले समिक्षा गर्दा निजी क्षेत्रको धरोहर महासंघ औद्योगिक, व्यवसायिक, वाणिज्य, पारवहन, श्रम लगायतका ऐन कानूनहरुको निर्माणमा सरकारको बलियो साझेदार बन्यो, नेपाल भारत बीचको व्यापार तथा पारवहन सन्धीमा उल्लेख्य भूमिका निर्वाह गऱ्यो, उद्योग प्रतिष्ठानहरुलाई राजनीतिबाट टाढा राख्ने सम्बन्धमा महासंघ र राष्ट्रिय ट्रेड युनियनहरु बीच एक प्रकारको सहमती निर्माण गर्न सफलभयो, आर्थिक क्षेत्रको संवेदनशीलता बुझाउन सक्यो, आर्थिक मुद्दामा राजनीतिक दलहरुलाई एकहदसम्म सहमती ल्याउन सफल भयो ।

यस अवधिमा महासंघले जुन उचाई हासिल गर्न सफल भएको छ, त्यो दरिलो जगविना सम्भव थिएन । महासंघलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन आफ्नो वुद्धि, विवेक, मेहनत,

पसिना बगाउनु हुने हाम्रा सबै आदरणीय अग्रजहरुको यस अवसरमा हार्दिक स्मरण गर्दछु ।

नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उपप्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरु, प्रमुख राजनीतिक दल तथा तीनका नेताहरु, सरकारका उच्च पदस्थ अधिकृतहरुज्यूबाट महासंघलाई प्राप्त साथ र सहयोगको पनि स्मरण गर्दछु । हामीलाई सहयोग र समर्थन गर्ने सबैप्रति हृदय देखिनै आभार व्यक्त गर्दछु ।

महासंघलाई निरन्तर अगाडी बढ्न संचार माध्यमहरुबाट पाएको सहयोग अतुलनीय छ । यतिखेर सम्पूर्ण संचार माध्यममा महासंघ समाचारको हेडलाइन बनेको छ । महासंघको वार्षिक साधारण सभा सहित अन्य गतिविधिहरुलाई संचारमाध्यमहरुले अति उच्च महत्वका साथ प्रकाशन तथा प्रसारण गर्दा हामीलाई अत्यन्त खुशी लागेको छ  र अझ बढी मुलुकको विकासमा क्रियाशिल भएर लाग्न उर्जा मिलेको छ, आमसंचार माध्यम र संचारकर्मीहरुप्रति यस अवसरमा म हार्दिक आभार प्रकट गर्दछु ।

मुलुकका लागि ज्यादैनै महत्वपूर्ण समयमा हामी सवै यहां जम्मा भएका छौं । आजको एक महिनापछि स्थानीय निकायको निर्वाचन हुंदैछ । लगभग दुई दशकपछि हुन लागेको यो निर्वाचनलाई अत्यन्त महत्वका साथ हेरिएको छ । स्थानीय जनप्रतिनिधिको अभावमा सम्पूर्ण विकास निर्माणनै ठप्प रहेका वेला हुन लागेको यो निर्वाचनले मुलुकलाई एउटा स्पष्ट मार्ग निर्देष गर्ने हाम्रो अपेक्षा छ । स्थानीय निर्वाचन नयां संविधान कार्यान्वयनको महत्वपूर्ण आधार पनि हो । आम जनताले निकै उत्साहपूर्ण रुपमा हेरिरहेका स्थानीय निकायको निर्वाचनलाई सफलरुपमा सम्पन्न गरी मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउन हामी आम राजनीतिक दल, सरकार तथा सवै सरोकारवालाहरुमा आग्रह गर्दछौं ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

चालु आर्थिक वर्षमा आर्थिक बृद्धिदर साढे दुई दशक यताकै बढी हुने प्रक्षेपण आइरहेको छ । आर्थिक बृद्धिका महत्वपूर्ण केहि सूचकांकहरुमा देखिएको उत्साहजनक प्रगतिका कारण आर्थिक बृद्धिहुने आंकलन सरकार, राष्ट्रबैंक र एशियाली विकास

बैंकको छ । स्थानीय निर्वाचन निर्धारित समयमै सम्पन्न हुनसके पूँजीगत खर्चमा तीव्रता दिन र पुनरनिर्माणको कामलाई गतिदिन सकियो भने लगभग ७ प्रतिशतको प्रक्षेपण हासिल गर्न सकिने हाम्रो पनि विश्वास छ ।

गएको महिना सम्पन्न लगानी सम्मेलनले निकै राम्रो संकेत दियो । दातृ निकायहरु र सहयोगी राष्ट्रहरुबाट समेत गरी करिब १४ खर्वको लगानीको इच्छा व्यक्त भएको छ । यदि हामीले ती इच्छालाई यथार्ततामा लैजान सक्यौं र सोही अनुसार परियोजनाहरु लगानीकर्ताहरुलाई दिन सक्यौं भने आर्थिक बृद्धिले फड्को मार्ने हाम्रो विश्लेषण छ । लगानी सम्मेलनको मुख्य नेतृत्वकर्ता उद्योग मन्त्रालय र माननीय उद्योग मन्त्रीज्यूले सम्मेलनका उपलव्धीलाई यथार्थतामा रुपान्तरण गर्न त्यसको निरन्तर follow up गर्न माननीय मन्त्रीज्यूको संयोजकत्वमा मूल समिति र बाँकी विषयगत मन्त्रालयहरुको संयोजकत्वमा समिति बनाएर अगाडी बढ्ने जुन सोचका साथ काम गरिरहनु भएको छ, हामी त्यसको स्वागत गर्दछौं । नेपाल उद्योग वाणिज्य महासंघ, सरकारको उक्त प्रयासलाई सफल पार्न निजी क्षेत्रको

तर्फबाट गर्नुपर्ने सबै प्रकारको सहयोग गर्न तयार रहेको प्रतिबद्धता जाहेर गर्दछौं ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

चूलिंदो व्यापार घाटा, कमजोर पूर्वाधार, कमजोर शासन प्रणाली, रोजगारीका अवसरको कमीनै हाम्रा आर्थिक विकासका प्रमुख चुनौतीहरु रहेको हाम्रो ठम्याई छ । उल्लेखित चुनौतीहरुको सामना गरि मुलुकभित्र औद्योगिक व्यवसायिक वातावरण बनाउन तथा लगानी सम्मेलनमा गरिएका लगानीका प्रतिवद्धतालाई यथार्थतामा रुपान्तरण गर्न समेत सरकारका तर्फबाट गर्नैपर्ने औद्योगिक विकासका लागि चाहिने केही आधारभुत कुराहरु सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष संक्षेपमा राख्ने अनुमती चाहान्छु ।

**क. उर्जा विकास**

उद्योग व्यवसाय र लगानी आकर्षणका लागि सवैभन्दा महत्वपूर्ण आवश्यकता भनेको उर्जाको पर्याप्त आपूर्तिनै हो । नयां उद्योग राख्न चाहनेले मागेका वखत उर्जा दिन सक्यौ भने लगानीको

वातावरण बन्दछ । पछिल्लो समय मुलुकभित्र विद्युत आपूर्तिमा निकै ठूलो सुधार आएको छ । काठमाडौं उपत्यका सहित मुलुकका धेरै भाग लोडसेडिङ मुक्त भैसकेको छ भने औद्योगिक क्षेत्रमा पनि अघिल्ला वर्षहरुको तुलनामा लोडसेडिङको मात्रा न्यून छ ।

वैशाख पछि औद्योगिक क्षेत्रलाई लोडसेडिङ मुक्त गर्ने प्रतिबद्धता आएको छ । माननीय उर्जा मन्त्रीज्यू,उर्जा सचिवज्यू, प्राधिकरणका प्रमुख कार्यकारि सहितको टिमलाई यस अवसरमा धन्यवाद दिंदै निर्माणाधिन नयां परियोजनाहरु समयमै सम्पन्न गर्ने र नयां परियोजनाको थालनी गर्ने कार्यमा गुणात्मक प्रगति गर्न सफल हुनुहोस भन्ने कामना गर्दछौं ।

**ख. श्रम सम्बन्धः**

श्रम सम्बन्ध सुमधुर नभएसम्म मुलुकभित्र औद्योगिक वातावरण बन्न सक्दैन । पछिल्ला वर्षहरुमा श्रम सम्बन्धमासुधार भएको छ । श्रमिक र व्यवस्थापन पक्ष जिम्मेवार भएका छन् । नेपालको

श्रम सम्बन्ध सहजतातिर उम्मूख हुदै गएको संकेत देखिएको छ । कानूनसम्मत वार्ता र छलफलबाट विवादको समाधान खोज्नुपर्छ भन्ने मान्यताबाट औद्योगिक सम्बन्ध निर्देशित हुदै गएको लक्षणहरु देखापर्न थालेका छन् । अव राष्ट्रिय ट्रेडयूनियन र रोजगादाताहरुको आपसी सहमती र सहकार्यमा मस्यौदा भई संसदमा पेश भएका श्रम ऐन तथा सामाजिक सुरक्षा सम्बन्धी ऐन चांडै पारित हुने हामीले अपेक्षा गरेका छौं ।

**ग. एकद्वार प्रणालीः**

उद्योगी व्यवसायीले उद्योग व्यवसाय संचालनका लागि विभिन्न निकायहरुमा महिनौंदिन धाउनु पर्ने वाध्यता अहिले पनि छ । यसले एकातिर कुनै प्रोजेक्ट संचालनमा ल्याउन वर्षौं कुनुपर्ने बाध्यता छ भने अर्कोतिर यसले लगानीकर्तालाई हतोत्साहित समेत बनाई रहेको हाम्रो विश्लेषण छ । जग्गा सम्बन्धी विषयमा भूमीसुधार मंत्रालय, वन सम्बन्धी विषयमा वन मन्त्रालय, वातावरण सम्बन्धी वातावरण मन्त्रालय र अन्य थुप्रै निकाय धाउनु पर्ने बाध्यताका कारण निकै ठूलो झन्झट व्यहोर्नुपरेको स्थिति जगजाहेर छ । यसर्थ उद्योग लगाउन चाहने जोकोहीले पनि उद्योग संचालन गर्नुपूर्व सम्पन्न गर्नुपर्ने सम्पूर्ण

कार्यहरु एकै ठाउंबाट गर्ने द्रुत सेवा राज्यले दिनै पर्दछ । औद्योगिक व्यवसाय ऐनमा व्यवस्था भए वमोजिम एकल विन्दू सेवा केन्द्र स्थापना चाडै स्थापना गर्नुपर्ने हाम्रो सुझाव छ ।

**घ. अन्तर सरकारी समन्वयः**

सरकारी निकायहरु बीच आपसी समन्वय नहुंदा उद्योग व्यवसायको विकास, लगानी आकर्षण तथा विस्तारमा निकै ठूलो समस्या भोग्नु परेको स्थिति विद्यमान छ । उद्योग व्यवसाय क्षेत्रसंग सम्बन्धी ऐन कानूको प्रभावकारी कार्यान्वयनका लागि समेत कम्तीमा पनि सरकारी निकायहरु बीच अन्तर समन्वय हुनै पर्दछ ।

**ङ. पुराना ऐन कानूनको संशोधन खारेजीः**

अहिले पनि हामी निकै पुराना ऐन कानूनहरुमा निर्देशित भैरहेका छौं । तत्कालिन परिस्थितिमा आएका त्यस्ता कानूनहरु आजको सन्दर्भमा निकै अव्यवहारिक एवं प्रगतिका वाधक रहेको हाम्रो ठम्याई छ । कतिपय पुरानो ऐन नियमका कारण उद्योग व्यवसाय क्षेत्रले आफूलाई राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उतार्न असमर्थ भैरहेका छन् । कालो बजारी ऐन, भूमी सुधार

ऐन, वन ऐन, वातावरण ऐन लगायतका थुप्रै ऐनहरु चांडै संशोधन गर्न जरुरी छ । यसका लागि निजी क्षेत्रको समेत संलग्नतामा विज्ञहरुको एक Independent Committee गठन गरि सोही कमिटि मार्फत त्यस्ता पुराना ऐन कानूनहरु खारेजी, पुनर लेखन र संशोधन लगायत यथाशक्य चांडो गर्नुपर्ने हाम्रो जोड छ ।

**च. स्वदेशी उत्पादनको खपतः**

स्वदेशी वस्तुको पर्याप्त उपभोग स्वदेशमै हुन नसकेसम्म औद्योगिक विकासले फड्को मार्न सक्दैन । निजी क्षेत्रले स्वदेशी वस्तुको अनिवार्य प्रयोगका लागि सरकारमा निरन्तर दवाव दिइरहयो । तत्पश्चात स्वदेशी वस्तुको प्रयोग सम्बन्धी नियमावली एवं निर्देशिका समेत बन्यो तर त्यसको सही कार्यान्वयन हुन सकेन । सरकार सबै भन्दा ठूलो उपभोक्ता पनि हो । यदी सरकारले आफूले प्रयोग गर्ने वस्तुहरुमा सम्भव भएसम्म स्वदेशी वस्तुनै अनिवार्य खरिद गर्ने व्यवस्था लागु गर्न हामी आग्रह गर्दछौं । यसो हुन सकेमा स्वदेशी वस्तुको खपत बढ्न गई स्वदेशी उद्योग फस्टाउने र मुलुक समृद्धिको मार्गतर्फ अगाडि बढ्ने हाम्रो विश्वास छ ।

**छ. निर्यात प्रवर्द्धनः**

विगतमा राजनीतिक अस्थिरता, शान्ति सुरक्षाको कमजोर अवस्था, उर्जाको चरम अभाव लगायत विभिन्न कारणबाट मुलुकभित्रका उद्योगधन्दाहरुको अवस्था निरन्तर ओरालो लाग्न गयो । उक्त परिस्थितिमा हाल निकै हदसम्म सुधार आएपनि हाम्रा उद्योगधन्दा निर्वाध संचालन हुन सकेका छैनन । आयात निर्यातको फासला कहाली लाग्दो छ । यसर्थ निर्यात प्रवर्द्धनका लागि निर्यातमा १० प्रतिशत नगद अनुदान, बैकिङ्ग माध्यमबाट भारत निकासी भएमा तेश्रो मुलुकसरह निर्यात अनुदानको व्यवस्था र निर्यात शुल्कको खारेजी लगायतका सुविधा दिनुपर्ने व्यवस्था गर्नै पर्छ ।

**ज. व्याज दरमा सुनिश्चितताः**

उद्योग व्यवसाय संचालनका लागि निश्चित अवधिका लागि लिइएको ऋणमा महिनामै पटक पटक ब्याज दर बढाउदा उद्यमी व्यवसायी निकै चिन्तित हुनु पऱ्यो । यस्ता निर्णय गर्दा त्यसले उद्योग व्यवसाय र स्वयम् बैंकलाई पनि कति असर पर्छ भन्ने बिचार गर्नै पर्दथ्यो । यसर्थ आम उद्यमी व्यवसायी तथा

लगानीकर्ताहरुमा आगामी दिनमा व्याजदरको सुनिश्चितता गराउने वातावरण बनाई दिन हामी सरकार तथा राष्ट्र बैंक समक्ष अनुरोध समेत गर्दछौं ।

**झ. चुस्तदुरुस्त अदालती सेवाः**

संविधानलाई ऐनले काट्ने, ऐनलाई नियमले काट्ने, नियमलाई परिपत्रले काट्ने र परिपत्रलाई हाकिमको तजविजले काट्ने । जसले गर्दा सरकार र व्यवसायी बीच जहिले पनि विवाद उत्पन्न भैरहेको छ । छिटो छरितो विवाद समाधानका लागि कहिंबाट पनि पहल भएको देखिएन । यसर्थ व्यवसायीहरुका अदालती समस्यालाई छिटो छरितो किनारा लगाउन देहायको प्रस्ताव गर्दछु ।

- करको मुद्दामा ५० प्रतिशतसम्म धरौटी राख्नु पर्ने प्रावधान अविलम्व खारेज गर्नुपर्ने,
- व्यवसायीका मुद्दालाई तल्लो तहबाटै छिनोफानो गर्न व्यवसायिक अदालत (Commercial Court)को व्यवस्था गर्नुपर्ने,

- तल्लो तहको अदालतबाट हारिसकेको मुद्दालाई माथिल्लो अदालतमा लैजाने प्रथालाई रोक्नुपर्ने,
- समान प्रकृतिका मुद्दामा गरिएका फैसलालाई नजिर बनाउंदै बांकी मुद्दाहरुको छिनोफानो गर्नुपर्ने,
- राजस्व न्यायाधिकरणमा स्वतन्त्र विज्ञको प्रतिनिधित्व गराइनुपर्ने,

**ञ.भ्रष्टाचारमा शून्य सहनसिलताः**

भ्रष्टाचारका कारण व्यवसायमा ठूलो लागत बढिरहेको छ। भ्रष्टाचारका कारण संलग्न व्यक्तिलाई तत्कालका लागि लाभ भए पनि अन्तत यसले सम्पूर्ण प्रणाली निष्प्रभावी पार्दछ । सामाजिक रुपान्तरण आर्थिक विकासका लागि भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन प्रणाली, नियम कानून, पद अनुसारको जिम्मेदारीको स्पष्ट रुपमा किटान गरिनु पर्दछ।

**व्यवसायिक एकताः**

व्यवसायिक एकता नहुंदा अहिले पनि निजी क्षेत्र कुनै न कुनै रुपमा हारी रहेको महशुस भैरहेको छ । निजी क्षेत्रले उठान गरेका विषयहरुलाई सशक्त ढंगबाट उठाउन नसक्दा सिंगो व्यवसाय क्षेत्र निरीह बनेका विगतमा कयौं उदाहरण हामीसंग छन् । वदलिंदो परिस्थिति अनुरुप मुलुकको आर्थिक, व्यवसायिक क्षेत्रलाई सशक्त ढंगबाट अगाडी बढाउन निजी क्षेत्र बीच एकता मेलामिलाप अपरीहार्य भैसकेको छ । हाम्रा थुप्रै कुराहरुमा विमती होलान तर आर्थिक मुद्दामा हाम्रो एकता भएमा मात्र हामीले लक्ष्य प्राप्त गर्न सक्दछौं । आर्थिक व्यवसायिक विषयहरुमा सिंगो निजी क्षेत्र एकढिक्का भएर अगामी दिनमा अघि बढ्न निजी क्षेत्रका प्रतिनिधि संघ संस्थाहरुलाई आग्रह समेत गर्दछु ।

**आमन्त्रित अतिथिगण,**

कृषिलाई व्यवसायिक रुप दिन नेपाल उद्योग वाणिज्य महासंघले सरकारको समेत सहयोग र सहकार्यमा एक गाउं एक उत्पादन, एक जिल्ला एक उत्पादन कार्यक्रम विभिन्न जिल्लाहरुमा शुरुवात गरेको छ । यो निरन्तर विस्तार भैरहेको छ । उच्च हिमाली क्षेत्रका कृषिलाई व्यवसायीकरण गर्दै त्यस क्षेत्रमा

जनताको जीवनस्तर सुधार ल्याउन हामीले अन्य थप कार्यक्रम संचालन गरिरहेका छौं । सिंगो कर्णाली अंचलमा रहेको जडीवूटीको अपार सम्भाव्यतालाई हेरेर जडीबूटी संकलन, प्रशोधन तथा मुल्य अभिवृद्धिका लागि सुर्खेतमा संकलन केन्द्रको स्थापना, पूर्वमा अदुवा, अलैचीको प्रशोधन, तरकारीको विउविजनका लागि रोल्पा, रुकुम तथा प्यूठानमा प्याकेजिङ सुविधाका लागि कार्यहरु गर्दै आएका छौं ।

एशियाका दुई उदियमान आर्थिक शक्ति राष्ट्रहरु भारत र चीनको बीचमा हामी रहेका छौं । नेपालले यी दुवै राष्ट्रहरुको विकासबाट पर्याप्त फाइदा लिन सक्नु पर्दछ । नेपालको विकासमा दुवै राष्ट्रबाट उत्तिकै चासो र सहयोगको प्रतिवद्धता आएका छन् । दुवै देशहरुबाट भएका उच्चस्तरीय बैठकमा ती देशहरुले नेपालको आर्थिक विकासमा जुनसुकै प्रकारको सहयोग गर्न तयार रहेको प्रतिवद्धता जनाएका छन् तर अव खांचो छ हाम्रो प्रयासको ।

महासंघले दशकौंदेखि नेपालको अर्थतन्त्रलाई टेवा दिनका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय साझेदारहरुसँग मिलेर कार्य गर्दै आएको छ । महासंघले नेपाल सरकार सहित UNDP, ILO, World Bank, IFC,

UNHABITAT, UN WFP, JICA, ADB, IFAD, USAID, DFID, GIZ, SNV, DANIDA, KOTRA, जस्ता विकासका साझेदारहरु एवं नेपालस्थित भारतीय, चिनियां, अमेरिकी जापानी, जर्मन र अन्य मुलुकका दुतावाससँग उद्योग व्यवसायको विकासका लागि सहकार्य गर्दै आएको छ । यस अवसरमा विकासका लागि सवै साझेदारहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अव हाम्रा साझेदारहरुलाई महासंघसँगको सहकार्यलाई अझ प्रगाढ बनाउन आव्हान गर्दछु ।

**उपस्थित आमन्त्रित अतिथिगण,**

महासंघको ५१ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसका अवसरमा राष्ट्रको समृद्धिका लागि आगामी दिनमा सरकारसंग कांधमा कांध मिलाएर जाने प्रतिबद्धता जाहेर गर्दछौं । निजी क्षेत्रलाई एक बलियो साझेदारको रुपमा लिई राष्ट्रको समृद्धिमा निजी क्षेत्रसंग रहेको क्षमताको भरपुर उपयोग गर्न सरकारबाट दह्रो बचनबद्धताको अपेक्षा गर्दै उद्योग वाणिज्य दिवस २०७३ को अवसरमा पुनः एकपटक सवैमा हार्दिक शुभकामना प्रकट गर्दछु ।

नेपाल उद्योग वाणिज्य महासंघ मेरा लागि सधै आस्थाको केन्द्र रह्यो । मैले करिव १४ वर्षसम्म प्रत्यक्ष यो संस्थासंग जोडिएर कार्य गर्ने मौका पाए । २०६० सालमा कार्यकारिणी समिति सदस्य भएर विभिन्न समितिको सहसभापति, सभापति, उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुंदै लगभग २ वर्षजति यो संस्थाको नेतृत्व सम्हाल्ने अवसर मिल्यो । यस बीचमा मैले मुलुकका अधिकांश भागमा पुग्ने, उद्यमी व्यवसायीहरुका गुनासाहरु, पीडा र मर्काहरु सुन्ने अवसर मिल्यो, मैले भ्याएसम्म ती गुनासा, पीडा र समस्याहरुको समाधानका लागि प्रयास गरे । कतिपय कुराहरुको समाधान गर्न सकिन होला । यसका लागि उहांहरुसंग क्षमा याचना गर्दछु ।

विशेष परिस्थितिमा मैले महासंघको नेतृत्व सम्हाल्न पुगेको यहांहरु सवैमा अवगतनै छ । यस बीचमा मुलुकले ठूलठूला विपत्तिको सामना गर्नुपर्‍यो । वैशाख १२ को महाभुकम्प तत्पश्चातका पराकम्पहरु, ६ महिना भन्दा बढीको तराई आन्दोलनका कारण मुलुकभित्र उद्योग व्यवसाय र अर्थतन्त्रले निकै ठूलो क्षति व्यहोर्नु पर्‍यो । महाभुकम्पले मुलुकको अर्थतन्त्रलाई नै क्षतविक्षत पार्‍यो । उद्योगी व्यवसायीले भोग्नु

परेको क्षतिको कुनै लेखाजोखानै भएन । मुलुकनै गम्भीर संकटमा परेको बेला महासंघले अग्रपंक्तिमा रहेर पीडितहरुको सेवा गर्‍यो । हामीले काठमाडौंको भृकुटीमण्डपमा क्याम्पनै खडा गरेर पीडित नेपालीहरुको सेवा गर्‍यौं भने बाहिर हाम्रो संजाल मार्फत पीडित जनतालाई सहयोग गऱ्यौ । राष्ट्रलाई विपत पर्दाका वखत आफ्नो व्यक्तिगत क्षतिको समेत कुनै परवाह नगरि हाम्रा उद्यमी व्यवसायी साथीहरुले गर्नुभएको सहयोगको लागि म हृदयदेखिनै प्रशंसा गर्दछु ।

तत्तपश्चात विभिन्न माग राखी तराईमा जारी छ महिना भन्दा लामो आन्दोलनबाट राष्ट्रनै छटपटाई रहेको बेलामा निजी क्षेत्रका उद्यमी व्यवसायी साथीहरुले आआफ्नो स्थानबाट निकै ठूलो सहयोग गर्नुभयो । महासंघले आफ्नो प्रत्यक्ष निगरानीमा आफ्नो बलियो संजाललाई परिचालन गरि जनताको चुल्हो बल्न रोकिन दिएन । तत्तसमयमा आफ्ना काउन्टर पार्टहरु मार्फत नेपालतर्फ हुने निर्यातलाई सुचारु गर्न भारतीय सरकार समक्ष पहल गरिनै रह्यो भने आन्दोलनरत तराई केन्द्रीत दलहरु समक्ष आन्दोलन फिर्ता लिई मुलुकलाई निकास दिन बारम्बार दवाव दिइरह्यो । सरकार र आन्दोलनरत दल बीचमा

पुलको काम गरेर समस्या समाधानका लागि अहोरात्र खटिरह्यो । सोही बीचमा मुलुकभित्र नयां संविधान जारी भयो । नयां संविधानमा निजी क्षेत्रका सुझावहरु समावेश गर्न हामीले निकै मेहनत गऱ्यो जसको फलस्वरुप हाम्रा धेरै सुझावहरु संविधानमा समावेश गर्न सफल भयौं । मुलुकभित्र उत्पन्न जटिलपरिस्थिति र कार्य समय कम भएका कारण मेरो कार्यकालमा निकै धेरै कार्य गर्ने योजना भएपनि त्यसलाई सम्पन्न गर्न सकिएन होला तर जतिगरियो ती सवै राष्ट्रका लागि महत्वपूर्ण रहेको मेरो विश्लेषण छ ।

साथीहरु, भोलीबाट म महासंघको निवर्तमान अध्यक्ष हुंदैछु । निर्वाचन पछि भोली आउने नयां कार्यकारिणी समितिको टिमलाई म निरन्तर साथ दिइरहने प्रतिवद्धता समेत यस अवसरमा व्यक्त गर्दछु ।

मैले यसो भनिरहंदा मेरा स्वर्गीय पिताजीलाई सम्झिरहेको छु । मेरा पीताजी स्वर्गीय आत्माराम मुरारका जतिवेला यस महासंघको नेतृत्व तहमा हुनुहुन्थ्यो उहांकै प्रेरणा, उत्साह र मार्ग निर्देशबाट म यो संस्थासंग जोडिन पुगेको थिए । अघिल्लो

वर्ष संस्थाको नेतृत्व सम्हाल्दै गर्दा म निकै भावव्हिल भएको थिए । पीताजीको प्रेरणा र मार्ग दर्शनबाट मैले यो पद सम्हाल्दा उहांप्रति श्रद्धासुमन अर्पण गर्दै निजी क्षेत्रलाई सफल रुपमा अगाडी बढाउने प्रण गरेको थिए । त्यही संस्थाको आफ्नो नेतृत्व कार्यकाल सकेर भोलीबाट म नेतृत्व पदबाट बाहिरीदैछु । मैले सधैं राम्रो गर्ने कोशिस गरें । तरपनि अन्जानमा केहि गल्ति भएका भए त्यसको लागि म क्षमा माग्दछु ।

नयां संविधानको घोषणासंगै देश संघीय संरचना अनुसारको तयारीमा अगाडी बढीरहेको छ । नयां संविधानले परिकल्पना गरेको मुलुकको संघीय संरचना अनुसार महासंघको विधानलाई पनि संशोधन गर्नुपर्ने आवश्यकता महशुस गरि हामीले विशेष साधारण सभा मार्फत महासंघको विधान संशोधन गऱ्यौं । यसले महासंघलाई नयां उचाई प्रदान गर्ने मेरो विश्वास छ ।

महासंघको नयाँ विधान अनुरुप वर्तमान वरिष्ठ उपाध्यक्षनै स्वत: अध्यक्ष हुने प्रावधान छ । आगामी कार्यकालका लागि नयां वरिष्ठ उपाध्यक्ष पदमा मेरा आत्मियमित्रद्वय मेरा उपाध्यक्षहरु श्री किशोरकुमार प्रधान र श्री शेखर गोल्छा चुनावी

प्रतिस्पर्धामा हुनुहुन्छ । उपाध्यक्ष पदमा र कार्यकारिणी समिति सदस्य पदका लागि अन्य साथीहरु चुनावी मैदानमा हुनुहुन्छ ।

प्रजातन्त्र र लोकतन्त्रमा, चुनावी प्रतिस्पर्धा भन्ने कुरा त्यसका सुन्दर पक्ष हुन । चुनावबाटनै खारिएको नेतृत्व आउने र संस्था अझ सवलरुपमा अगाडी बढ्दछ । चुनावबाट आउने परिणामलाई सहर्ष स्वीकार्दै व्यवसायिक एकतालाई अझ मजवुद बनाउंदै लानसकिएमा चुनावी प्रतिस्पर्धाको महत्व अझ हुने कुरामा द्विमत छैन । तर हामीकोमा चुनावी तुसलाई वर्षौंसम्म राख्ने जुन सोंच छ त्यसले सिंगो व्यवसायिक एकतामानै खलल पुग्न गएको, सहजरुपमा काम गर्ने वातावरण नभएका पर्याप्त उदाहरणहरु छन् । म यसै समारोह मार्फत चुनावप्रतिस्पर्धामा जोजहां रहेपनि व्यालेट वक्समा आफ्नो मत खसाली सकेपछि सम्पूर्ण निजी क्षेत्र एक ढिक्का भएर हाम्रा सामूहिक चुनौतीलाई मुकावला गर्दै मुलुकको आर्थिक समृद्धिमा जुटन अपिल समेत गर्दछु । आउने नयां टिमलाई सिंगो निजी क्षेत्रलाई एक ढिक्का बनाई मुलुकको आर्थिक समृद्धिको सारथी बन्न तपाईहरु सफल हुनुहोस भन्ने शुभकामना दिन चाहान्छु ।

यस पटक हामीले स्वर्ण वर्षको समापन समारोह एवं ५१ औं वार्षिक साधारण सभाका अवसरमा समाजका विभिन्न क्षेत्रहरुमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशिष्ट व्यक्तित्वहरुलाई FNCCI GOLD AWARD बाट सम्मानित गर्दैछौं । नयां क्षेत्रमा हात हाली त्यसलाई स्थापित गराउदै राष्ट्रका लागि ठूलो योगदान पुऱ्याउनु हुने सफल Trendsetters जोसम्मानका लागि सही अर्थमा योग्य हुनुहुन्छ म उहांहरुप्रति हार्दिक नमन गर्दै उहांहरुलाई हार्दिक बधाई दिन चाहान्छु, आगामी दिनमा उहांहरुको अझ बढी सफलताको कामना गर्दछु ।

महासंघमा निकै लामो सयम काम गरि सेवा गर्ने महासंघका कर्मचारीहरुलाई पनि सम्मान गर्ने कार्यक्रम छ । यस वर्ष महासंघमा २५ वर्ष सेवा गर्नुहुने कर्मचारीहरुलाई पनि हार्दिक बधाई दिन चाहान्छु । मेरो कार्यकाललाई सफल पार्न अहोरात्र खट्ने महासंघका निमित्त महानिर्देशक सहित सिंगो सचिवालयका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

महासंघको स्वर्ण वर्षको समापन समारोहमा हामीले २ वटा प्रकाशनहरु सार्वजनिक गर्दैछौं । महासंघको स्वर्ण वर्ष स्मारिका र **Glorious Journey of 50 years** को प्रकाशन कार्यमा निरन्तर लागेर काम सम्पन्न गर्नुहुने महासंघका पूर्व महानिर्देशक डाक्टर हेमन्त दवाडीजी, सहायक निर्देशक विदुरचन्द्र लामिछानेजी सहित उहांहरुको टिमलाई हार्दिक धन्यवाद दिन चाहान्छु । महासंघको अवार्ड फोरमका संयोजक सहित सदस्यहरुलाई धन्यवाद दिन चाहान्छु ।

मेरो कार्यकालमा मलाई सहयोग गर्नुहुने मेरा निवर्तमान अध्यक्ष, मेरा वरिष्ठ उपाध्यक्ष भवानी राणा, उपाध्यक्षहरु किशोर प्रधान, दिनेश श्रेष्ठ, शेखर गोल्छा र कार्यकारिणी समितिका साथीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । उहांहरुको हरेक सहयोग मेरो कार्यकालका लागि महत्वपूर्ण रहे ।

मेरो परिवार जसले मेरो अनुपस्थितिमा पनि साथ र हौसला दिई मलाई महासंघको सेवामा निरन्तर लाग्न सहयोग, प्रेरणा हौसला दिनु भयो त्यसका लागि मेरी श्रीमती श्रद्धा मुरारका, छोरीहरु श्रुती र वेधिका र छोरा अनन्तलाई पनि विशेष धन्यवाद दिन चाहान्छु ।

नयां वर्ष हाम्रो घर आंगनमा आइसकेको छ । यसर्थ, नव वर्ष २०७४ को नेपाल उद्योग वाणिज्य महासंघको र मेरो आफ्नो व्यक्तिगत तर्फबाट समेत यहाँहरु सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै नयां वर्ष २०७४ समृद्धिको वर्ष बन्न सकोस मेरो शुभकामना ।

अन्त्यमा, "देशलाई दीर्घकालिन संकटबाट मूक्त गर्दै आर्थिक प्रगतिका लागि हामी आफ्ना कार्यशैली एवं दृष्टिकोणमा परिवर्तन गर्न तयार होऔं, सोको प्रारम्भ आजैबाट गरौं"भन्दै आजको यस गरिमामय सभामा प्रमुख अतिथि, विशिष्ट अतिथिहरु, महासंघका मेरा अग्रजहरु एवं समस्त प्रतिनिधि साथीहरुको पुनः स्वागत गर्दै मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद ।

२०७३ चैत्र २८ गते, सोमवार, काठमाडौं ।